## मिति २०७९।३।८ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/दोसो बैठक

**निर्णय नं. १**

इलाम नगर कार्यपालिकाको गत बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयन तथा प्रगति सम्बन्धमा समीक्षा गर्दै कार्यान्वयन हुन बाँकी पूर्व निर्णयहरुलाई यथासमयमा कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय तह निर्वाचन २०७९ अन्तर्गत मिति २०७९।३।४ गतेका दिन सम्पन्न जि.स.स. इलामको निर्वाचनमा इलाम नगरपालिका वडा नं. २ का वडा सदस्य श्री शेरबहादुर खालिङ्ग राई जिल्ला समन्वय समिति इलामको सदस्य पदमा निर्वाचित हुनु भएकोले हार्दिक बधाइ ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपालको संविधानको धारा २१७ बमोजिम नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने भएको हुनाले सो न्यायिक समितिको सदस्य पदमा वडा सदस्य बसन्ती घतानी र वडा सदस्य बालकृष्ण गौतमलाई मनोनयनका लागि ११ औ नगर सभामा प्रस्ताव गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इलाम नगरपालिका वडा नं. ६ स्थित दृपादेवी आ.वि. लाई विगतमा अन्य विद्यालयमा गाभी विद्यालय बन्द रहेकोमा सो विद्यालयको सेवा क्षेत्र श्रमिक तथा जनजातिको बस्ती नजिक रहेकोले सो क्षेत्रका जनताको गुनासो सम्बोधनका लागि उक्त विद्यालयलाई चालु शैक्षिक सत्रदेखि नै अंग्रेजी विषयलाई पठनपाठनको प्राथमिकतामा राखेर नमुना आ.वि. मा रुपान्तरण गर्ने कार्ययोजनाका साथ रुपमा पूर्ववत सञ्चालन व्यवस्थापन गर्न जनशक्ति लगायत अन्य आवश्यक व्यवस्थापन गर्ने र श्रमिकका बालबालिकाहरुलाई लक्षित गरी बालकक्षा समेत सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गठित राजश्व परामर्श समितिको परामर्श, ऐजन ऐनको दफा ६६ अनुसार गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णय, ऐजन ऐनको दफा ६७ अनुसार गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिको निर्णय समेतका आधारमा आ.ब. २०७९।०८० का लागि कुल रु १,२२,३७,००,०००।०० को आयव्ययको बजेट तथा कार्यक्रम र सोसँग सम्बन्धित आर्थिक विधेयक, विनियोजन विधेयक र अन्य प्रस्तावहरुलाई एघारौ नगर सभामा प्रस्ताव गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इलाम नगरको स्वास्थ्य क्षेत्रका समस्याहरुको समाधान तथा इलाम मेडिकल कलेज स्थापनाका लागि आवश्यक जग्गा तथा पूर्वाधारमा सल्लाह सुझाव दिई सल्लाहकारको भूमिका निर्वाह गरी सहयोग गरि दिन डा. तारानाथ पोखरेल र डा. जनक कोइरालालाई अनुरोध गर्ने र विज्ञ सल्लाहकारबाट प्राप्त सल्लाह सुझावलाई कार्यान्वयनमा लैजाने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

इलाम नगरपालिका, रोजगार सेवा केन्द्रको मिति २०७९।३।१ को टिप्पणीमा छलफल हुँदा सो टिप्पणीमा उल्लेख भएबमोजिम आ.ब. ०७८।०७९ को बजेटबाट वडा कार्यालयको सिफारिस बमोजिम सडक नाली मर्मतसम्भारको लागि ल.इ. अनुसार वडा कार्यालयको श्रमिक/बेरोजगार अभिलेखमा नाम रहेका श्रमिक परिचालन गरी रोजगार सिर्जना गर्न प्रति वडा रु १ लाख ९० हजार रकमसम्म खर्च गर्ने र अन्य कार्य (सूचीकृत श्रमिक/बेरोजगारलाई प्रशिक्षण कार्यक्रम र वडाको लागि विपद् व्यवस्थापन सामग्री खरिद) समेत गर्ने गरी भएको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. ७**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, जग्गा प्रशासन शाखा, सिंहदरबार काठमाडौको च.नं. १६४२ मिति २०७९।२।३० को परिपत्रानुसार भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ मा भएको व्यवस्थालाई कार्यान्वयनमा सहजीकरण गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भूउपयोग कार्यक्रम सञ्चालन नहुन्जेलसम्म वा भूउपयोग नियमावली, २०७९ को नियम ५ को उपनियम (७) बमोजिम चारकिल्ला खुलाई कृषि क्षेत्र नतोकेसम्म कित्ताकाट/धितोबन्धक प्रयोजनका लागि सिफारिस आवश्यक भएकोले भूउपयोग नियमावली, २०७९ को नियम ८, अनुसूची १ मा उल्लिखित भूउपयोग क्षेत्र वर्गीकरणका आधार मापदण्ड तथा क्षेत्रफलबमोजिम मालपोत कार्यालय इलाममा सिफारिस गरि पाउँ भनी निम्न जग्गाधनीले आवेदन गरेको हुँदा आजको कार्यपालिका बैठकमै स्थानीय भूउपयोग परिषदको समेत बैठक बसी निम्नानुसार भूउपयोग क्षेत्र वर्गीकरण गर्ने निर्णय गरियो ।

**निम्न :**

| जग्गाधनीको नामथर | वडा नं. | जग्गाको कित्ता नम्वर, क्षेत्रफल र धनीपूर्जामा उल्लेख भएको किसिम | | | | | | धनीपूर्जामा उल्लेख गर्न चाहेको भूउपयोग क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | | साविक न.पा वा गाविस | वडा नं. | नक्सा नं. | कि.नं. | क्षेत्रफल | किसिम | |
| देउनारायण दाहाल भन्ने | १ | साँखेजुङ्ग | ५ | ५।ख | ८५ | ३०।८।३।० | | कृषि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| देवी प्रसाद दाहाल | | | | | | | | |
| मित्रप्रसाद दाहाल | १ | साँखेजुङ्ग | ५ | ५।ख | ८६ | ३६।११।२।२ | | कृषि |
| बिरेन्द्र परियार समेत ५ जना | ६ | इलाम | ८ | ८।ख | ७०, ४९७ | ४।१३।०।२, ०।४।०।० | | आवास |
| देवकला दाहाल | १ | साँखेजुङ्ग | ५ | ५।ख | ९५ | ८।७।०।१ | | कृषि |
| तारादेवी दाहाल | १ | साँखेजुङ्ग | ५ | ५।ख | ३५२ | १४।६।०।३ | | कृषि |

**मिति २०७९।३।८ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/दोसो बैठक**

**निर्णय नं.**

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठन हुने अपाङ्गता समन्वय समितिको सदस्य पदमा कार्यपालिका सदस्य श्री ........................................(महिला) लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.**

इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ को दफा ५ बमोजिम गठन हुने समितिमा स्वास्थ्य क्षेत्रका अनुभवी व्यक्तिहरुबाट श्री ....................................... र श्री .......................................... (महिला) लाई तोक्ने ।

**निर्णय नं.**

## मिति २०७९।३।८ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय/दोसो बैठक

इलाम नगरपालिका र धरान उपमहानगरपालिका बीच मिति २०७५।१।१ मा सम्पन्न भगिनी सम्बन्ध स्थापनासम्बन्धी सम्झौता पत्रको बुँदा नं. (क) कार्यान्वयनका लागि गठित संयुक्त समितिको सदस्य पदमा निम्नानुसार मनोनयन गर्ने ।

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका वडाध्यक्ष वा वडा सदस्य मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित २/२ जना (मनोनित गर्दा लक्षित समूहका संभव भएसम्म महिलाहरुलाई प्राथमिकता दिएर मनोनित गर्ने) – वडाध्यक्ष श्री ................................... वडा सदस्य श्री ......................................................

सदस्य – धरान उपमहानगरपालिका र इलाम नगरपालिकाका नगर कार्यपालिका सदस्य (महिला) मध्येबाट सम्बन्धित नगरपालिकाका प्रमुखबाट मनोनित १/१ जना, – का.पा.स. श्री .............................................

**निर्णय नं.**

इलाम नगरपालिका र महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम बीच मिति २०६९ चैत्र २० गते सम्पन्न सम्झौता अनुसार हरितनगर अध्ययन अनुसन्धान केन्द्रको स्थापना गरिएको हुँदा सोको सुसञ्चालनको लागि नगर कार्यपालिकाको मिति २०७५।५।५ को निर्णयानुसार सञ्चालक समितिको सदस्य पदमा निम्नानुसार मनोनयन गर्ने :

निम्न

सदस्य – नगर प्रमुखबाट प्राज्ञिक क्षेत्रमा विगतमा काम गरेका बुद्धिजीवीबाट १ जना महिला मनोनयन गरिने – ......................................................

सदस्य – नगर प्रमुखबाट पूर्व क्याम्पस प्रमुखहरु मध्येबाट १ जना मनोनयन गरिने – .......................

सदस्य – नगर प्रमुखबाट क्याम्पस रहेको वडाको मा.वि. का प्रधानाध्यापकहरु मध्येबाट १ जना मनोनयन गरिने – ...........................................

**निर्णय नं.**

इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर महिला समन्वय समितिको निम्न पदमा निम्नानुसार मनोनयन गर्ने निर्णय गरियो ।

प्रमुखबाट ७ जना सदस्यहरु मनोनयन हुन बाँकी ।

**निर्णय नं.**

इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ को दफा ३ (क), (ख), (ग), (घ) बमोजिम नगर आदिवासी जनजाति समन्वय समितिको निम्न पदमा निम्ँनानुसार मनोनयन गर्ने निर्णय गरियो ।

निम्न :

*अध्यक्ष श्री मनराज जबेगु, इलाम नगरपालिका वार्ड नं. ५*
*उपाध्यक्ष श्री रनमाया तामाङ्ग, इलाम नगरपालिका वार्ड नं. ९*
*सचिव श्री होमबहादुर राई, इलाम नगरपालिका वार्ड नं. ६*
*कोषाध्यक्ष श्री दिपेश श्रेष्ठ, इलाम नगरपालिका वार्ड नं. ७*